# संघहरुलाई बलियो पार्ने उपायको रुपमा केन्द्रीय यूनियन परिषदको नयाँ व्यवस्था

ट्रेड यूनियन कसरी बनाउने र बनेका यूनियनहरुलाई कसरी प्रभावकारी बनाउने भन्नेमा ६ दशक भन्दा लामो समय देखि विभिन्न प्रयोग हुँदै आएको छ । एउटा खास समयमा प्रभावकारी ठहरिएको विधि अर्को समयमा त्यति काम लाग्दो नभएको व्यवहारले प्रमाणित गरेको छ । २००३ साल फागुन २० गतेबाट शुरु भएको नेपालको ट्रेड यूनियन आन्दोलनले आफूलाई भारतीय राजनीति र त्यही अनुरूपको ट्रेड यूनियन आन्दोलनको प्रतिछाँयाको रुपमा स्थापित गऱ्यो । २००७ साल पछि अखिल नेपाल ट्रेड यूनियन काँग्रेस निर्माण गर्दा 'कुन विषयको क-कसलाई कसे यूनियनमा सदस्य बनाउने' भन्नेमा त्यति चिन्ता गरिएन । शारिरीक श्रम गर्ने भेटेजति सबैलाई अखिल नेपाल ट्रेड यूनियन काँग्रेसको सदस्य बनाउने नीति लिइयो । र, नेतृत्वमा त्यस वखत प्रभावित रहेका जुट, कटन, केमिकल मील जस्ता संगठित उद्योगका शारिरिक श्रम गर्ने श्रमिकहरूको बोलावाला रहेकोले अनेट्रेयूकाँग्रेसले त्यही लाइनको मात्रै मागहरू मूलरूपमा अघि साऱ्यो । परिणामरुवरूप ००८ साल आईपुग्दा नपुग्दै यातायात क्षेत्रका मजदुरहरूले आफ्नो विषय अनुरूप नेपाल ड्राईभर्स संघ बनाए । यसै गरि प्रशासनिक काम गर्नेहरूले अखिल नेपाल न्यूनवैतनिक कर्मचारी संघ बनाए । यी दुई संघहरूको घोषणा स्वत:स्फूर्तरूपमा "विषयगत अभियान" को थालनी थियो । २००७ सालदेखि ०१७ सम्म यस्तै-यस्तै रह्यो ।

०१७ देखि ०३६ को अवधिमा हाम्रो देशको ट्रेड यूनियन आन्दोलन "अन्धकार" को अवधिको रूपमा रह्यो । भएका आन्दोलनहरू स्थानीय रूपमा भए तर, "विषयगत" वा "छयास्मिस्" सँग त्यसको कुनै लेना- देना रहेन । ०३५/०३६ को आन्दोलनसँगै अरु तह र तप्काका जनताको जस्तै मजदुर क्षेत्र पनि आन्दोलित भयो । आन्दोलनलाई समन्वय गर्न आन्दोलनका तत्कालिन नेताहरूले ट्रेड यूनियनलाई राष्ट्रियरूपमै संगठित गर्ने योजना गरे । आन्दोलनको गति औद्योगिक क्षेत्रमा बढि भएकोले शुरुमा "नेपाल औद्योगिक मजदुर यूनियन" बनाउने सोच तत्कालिन नेतृत्वमा रहेको भएपनि सोही समय आन्दोलित पूर्व-पश्चिम राजमार्गमा कार्यरत २५ हजार भन्दा बढि मजदुरहरू र अन्य क्षेत्रलाई हेरेर यो सोचलाई थोरै परिमार्जन गरियो । २०३६ साल माघ १५-१८ गते बालाजुमा गठित "नेपाल स्वतन्त्र मजदुर यूनियन" त्यही परिमार्जित सोचको परिणाम थियो । "अखिल नेपाल ट्रेड यूनियन काँग्रेसको उत्तराधिकारी संस्था" तथा सम्पूर्ण उद्योग/व्यवसायमा काम गर्ने मजदुर यूनियनको "छाता" संघको रूपमा स्थापना गरिएकोले त्यसको नाम "नेपाल स्वतन्त्र मजदुर यूनियन" मात्रै राखियो, "मजदुर" शब्द अघि औद्योगिक वा अन्य व्यवसाय जनाउने शब्द प्रयोग गरिएन ।

तर, ०३६ सालमा पनि ००७ साल तिर रहेको एउटा कमी दोहोरिन गयो । नेतृत्वमा लगभग सबै नै औद्योगिक क्षेत्रका मजदुर नेताहरू रहन पुगे । र, स्वभाविक रूपमा नेस्वमयूको मागहरूमा संगठित औद्योगिक क्षेत्रकोसमस्याहरू मात्रै प्रतिविम्वित हुन पुग्यो । परिणाम, ००७ सालतिर कै जस्तो निस्कियो । "नेस्वमयूले यातायात क्षेत्रको माग र समस्या उठाउन नसक्ने" भन्दै ०३७ सालको शुरुमै यातायात क्षेत्रका मजदुरहरूले आफूहरू नेस्वमयूमा नरहेको जनाए र आफ्नो प्रतिनिधिमूलक संगठन

“नेपाल यातायात स्वतन्त्र मजदुर संगठन” ०३६ सालको श्रावण महिनामा गठन गरिसकेको सूचना प्रचारित गरे। पुनरसंगठित नेपाली ट्रेड यूनियन आन्दोलनमा “आफ्नो संगठन सबै भन्दा जेठो भएको” दावीसहित यातायात मजदुरहरूले आफूलाई २००८ सालमा गठित नेपाल ड्राइभर्स संघको उत्तराधिकारी रहेको समेत घोषणा गरे।

तर“यसरी नयाँ संघहरू बन्दै गए भने मजदुर आन्दोलन कमजोर हुन्छ” भन्ने तत्कालिन नेस्वमयू नेतृत्वमा भ्रमपूर्ण सोच थियो। अर्कातिर भने “नेस्वमयूले त घोषणा मुताविक महासंघको भूमिका निर्वाह गर्नु पर्छ” भन्ने सोच पनि विद्यमान थियो। जे भएपनि नेतृत्वमा विषयगत यूनियन निर्माण रणनीतिक महत्वको हिसावले पनि वहसको मुद्दा बन्न सकेन। परिणामस्वरूप आन्दोलनले आफै बाटो समात्यो- स्वत: स्फूर्तरूपमा विषयको आधारमा नै ट्रेड यूनियन संगठन संगठित हुन थाले।

०३६ सालमा संगठित ज्याला आर्जकहरूको ट्रेड यूनियनमा शिक्षकहरूको संगठन सबै भन्दा प्रभावि एवं शक्तिशाली थियो। जसको नेपालको प्रगतिशील राजनीतिमा सार्है उल्लेखनीय भूमिका पनि छ। नेपाल राष्ट्रिय शिक्षक संगठनले आफूलाई विषयकै आधारमा संगठित गरेकोले पनि अरु उद्योग/व्यवसायमा कार्यरतहरूले आफुलाई पनि विषयकै आधारमा संगठित गर्न शुरु गरे। तर, तिनिहरू मध्ये कतिपयहरू संख्या र प्रभावको आधारमा “सानो” रहेकोले ओझेलमा पर्न गए। उदाहरणको लागि २०३६ सालमै काठमाडौं उपत्यका तदर्थ समिति गठन गरिसकेको **नेपाल स्वतन्त्र प्रेस मजदुर यूनियन**लाई लिन सकिन्छ। २०३७ सालको फागुन महिनामा होटल तथा पर्यटन क्षेत्रका मजदुरहरूले आफूलाई नेस्वमयूबाट अलग गरी नेस्वहोमयू स्थापना गरे। २०४० वैशाखमा ट्रेकिङ्ग क्षेत्रका मजदुरहरूले “नेपाल ट्रेकिङ् मजदुर संघ” को घोषणा गरे। यसरी हेर्दाहेर्दै नेस्वमयू बाहेक अन्य विभिन्न विषयगत यूनियनहरू हाम्रो आन्दोलन भित्र क्रियाशील हुन् पुगे।

चाहेर होस् वा नचाहेर अब वनिसकेका ४ वटा संघको आन्दोलन नेस्वमयूसँग जोड्ने वा नेस्वमयूले संयोजित नगरि नहुने परिस्थिति पैदा भयो। नेस्वमयूका अगाडि केवल दुईवटा बाटा थिए। पहिलो, नेस्वमयूलाई स्थापना कालीन सोचअनुरूप सम्पूर्ण ट्रेड यूनियनहरूको महासंघ घोषणा गर्ने। दोस्रो, नेस्वमयूलाई यथावत रहन दिएर नयाँ महासंघ घोषणा गर्ने। यदि पहिलो विकल्पमा जाने हो भने नेस्वमयू बाहेक अर्को “औद्योगिक मजदुर यूनियन” घोषणा गुर्न पर्थ्यो-अन्यथा, अरु नयाँ संघहरूले आफू नेस्वमयूको छातामा नअट्ने जिकिर गर्न सक्थे। नेस्वमयूलाई यथावत रहन दिएमा त्यसभित्र रहेका कतिपय उद्योगमा कार्यरत मजदुरहरूले विषयको आधारमा अरु यूनियन निर्माण गर्न सक्ने प्रवल सम्भावना ज्यूँ का त्यूँ थियो।

द्विविधापूर्ण यही स्थितिमा केही घटनाहरू घटे। २०४३ साल पुस ९ गते काठमाडौंको त्रि-चन्द्र क्याम्पसमा सम्पूर्ण गार्मेण्ट मजदुरहरूको भेला भयो। भेलाले नेपाल स्वतन्त्र गार्मेन्ट मजदुर यूनियन नामक अर्को ट्रेड यूनियन गठन गर्ने योजना गर्‍यो। त्यो भेलाको नेतृत्व गर्नेहरूमा नेस्वमयूकै विभिन्न तहमा कार्यरत व्यक्तिहरू थिए। त्यसैले नेस्वगामयूले वैधानिकता पाउन नेस्वमयूको केन्द्रीय नेतृत्वको सहमती आवश्यक थियो। यही प्रयोजनका लागि भक्तपुरको सूर्यविनायकमा पिकनिकको रूपमा “घोषणा भेला” आयोजना गरियो र नेस्वमयूको यस क्षेत्रको केन्द्रीय नेतालाई आमन्त्रण गरियो। केन्द्रीय नेताले भेलालाई सम्बोधन गर्दै गार्मेण्ट मजदुरहरूको त्यो प्रयत्न “फुटपरस्त र नेस्वमयूलाई कमजोर गर्ने उद्देश्यले प्रेरित भएको” घोषणा गरे। भेला, भाँडियो। यसले गार्मेण्ट मजदुरहरूमा उत्साह थपेन उनीहरू निरुत्साहित भए। अझ कतिपय गार्मेण्ट मजदुर नेताहरू नेस्वमयूको उल्लेखित नेताहरूको वक्रदृष्टिमा परेकाले आन्दोलनबाट पलायन समेत भए।

तर, नेस्वमयूको मूलनेतृत्व भने आन्दोलनप्रति अन्त्यन्त संवेदनशील थियो। त्यस घटना पछि २०४४ साल वैशाख १९ गने कीर्तिपुरमा ट्रेड यूनियनहरूको महासंघ बनाउने सोचसहित भूमिगत भेला डाकियो। तर, जसलाई प्रस्तावित महासंघको नेता बनाउन खोजिएको थियो सोही व्यक्तिको उपस्थिति हुन् नसकेकोले आयोजित कार्यक्रम स्थगित भयो।

२०४५ साल श्रावण-भाद्रमा काठमाडौंमा टेक्स्टायल मजदुरहरूको ऐतिहासिक हडताल भयो। यो हडताल आमरूपमा नेस्वमयुले आव्हान गरेको भएतापनि प्रत्यक्ष रूपमा काठमाडौं जिल्लामा कार्यरत टेक्स्टायल मजदुरहरूले नै हाँकेका थिए। त्यसैले उनीहरूको माग व्यवस्थित थियो र आन्दोलन गतिशील। त्यो हडताल ४५ दिनपछि उपलब्धीसहित टुँगियो। यसले विषयमा आधारित रहेरै यूनियन निर्माण गरेमा र आन्दोलन गरेमा "फाईदा हुँदोरहेछ"भन्ने व्यवहारिक शिक्षासमेत केन्द्रीय नेतृत्वलाई दियो।

यो हडतालसँगै नेस्वमयूले आफ्नो कामलाई अलि संयोजन गऱ्यो। तत्कालीन समयमा बढिरहेको उद्योगहरूको आधारमा नेस्वमयूले विषयगत ईकाई निर्माण गर्दै आन्दोलनलाई परिचालन गर्न थाल्यो। सफाई, पेण्टर, विजुली, निर्माण, गलैंचा आदि क्षेत्रमा तत्कालीन समयमा निर्माण गरिएका नेस्वमयूका इकाई कमिटीहरू यो प्रसंगका उदाहरण हुन्। महासंघ नहुँदा नेस्वमयूले गर्न सक्ने यत्ति नै थियो र त्यो ऐतिहासिक दायित्व त्यसले निर्णय गऱ्यो।

नेस्वमयूले आफ्नो छाताभित्र रहेका व्यवसायलाई विशेष इकाई बनाएर परिचालन गरेपनि छुट्टै यूनियनको रूपमा ०३६ देखि नै कृयाशील ट्रेड यूनियनको कामलाई संयोजन गर्ने वैधानिक अधार ऊसँग थिएन। आकारमा नेस्वमयू ठूलो भएता पनि व्यवहारमा अरु यूनियनहरूले आफ्नो हैसियत नेस्वमयूसरह सोच्नु विल्कुल ठीक थियो। परिस्थितिले पैदा गरेको यही जटिलतालाई हलगर्न हाम्रो ट्रेड यूनियन आन्दोलनले २०४६ साल श्रावण ५ गते नेपाल ट्रेड यूनियन महासंघको स्थापना गऱ्यो र महासंघको स्थापनासँगै नेस्वमयूले विगतमा बोकेको अर्ध-महासंघीय चरित्र र धेरै व्यवसायलाई समेट्ने वैधानिक आधारको अन्त्य भयो। नेस्वमयू अन्य यूनियन जस्तै महासंघको एउटा घटक यूनियन बन्न पुग्यो।

०४६ सालको जन आन्दोलनपछि यूनियन निर्माणमा तिव्रता आयो। कतिपय यूनियन विषयका आधारमा र कतिपय निश्चित ईकाइका आधारमा संगठित भए। विद्यमान परिस्थितिमा "संगठित होउ" भन्ने नारा नै उपयुक्त हुने भएकोले महासंघले आफ्नो पहिलो पोष्टर मार्फत "आफ्नो अधिकार प्राप्तिको लागि उठौं, जागौं र संगठित होऔं" भन्ने सन्देश प्रचारित गऱ्यो। यसलाई एकचरणसम्म क्रियाशील हुन् छुट पनि दियो। र, विभिन्न प्रकृतिका यूनियन गठन पनि भए।

ट्रेड यूनियन ऐन-०४९ लागू भएपछि हाम्रो छाता बाहिरका ट्रेड यूनियनहरूले हाम्रै देखासिकी गरे। जुन, जुन फाँटमा हामी क्रियाशील थियौं, त्यही-त्यही फाँटमा प्रतिष्पर्धी यूनियन खडा गरे। नराम्रो भएन राम्रै भयो-हामीले यो देशको ट्रेड यूनियन आन्दोलनको दिशा निर्देशित गर्न सक्यौं। तर, धेरै संघ बनाउने होडमा केही गञ्जागोल पनि सिर्जना भयो। जस्तोकी एउटै घरमा काम गर्ने निर्माण मजदुर मध्ये पेण्टर, प्लम्वर, बिजुली र डकर्मी-सिकर्मी लगायत निर्माणकर्मिको ४ वटा संघ बन्यो; जुन अनावश्यक थियो। वर्कशपमा काम गर्ने मध्ये अटो-मेकानिक्स र मोटरसाइकलका फरक-फरक संघ बने, जुन उचित थिएन। कारखानामा काम गर्ने मजदुरहरूको यूनियन बनाउने नाममा नेस्वमयूभित्र पनि विभिन्न विषय आधारित यूनियनहरु भद्रगोल हुने गरी थुप्रिन पुग्यो।

यी कमिहरूलाई अन्त्य गर्न महासंघको दोस्रो राष्ट्रिय महाधिवेशनले उद्योगको प्रकृतिका आधारमा संघहरू पुर्नसंयोजित गर्ने नीति अघि सा¥यो । त्यसलाई “विषयगत उद्योग अभियान” भनियो । त्यही अभियान अन्तरगत नेस्वमयूभित्र रहेका टेक्स्टायल, जुट, कपास, धागो र होजियारी उद्योगमा कार्यरत मजदुर यूनियन र गार्मेण्ट मजदुर यूनियनहरूलाई मिलाएर नेपाल स्वतन्त्र टेक्स्टायल मजदुर यूनियन बनाइयो । खाद्यपेय क्षेत्रलाई लिएर नेस्वखापेमयू र केमिकल, उर्जा, फलाम क्षेत्रलाई समेटी नेस्वकेआमयू बनाइयो ।यस्तै नेपाल ट्रेकिङ्ग मजदुर संघमा ¥याफ्टीङ्ग र ट्राभल क्षेत्रलाई पनि मिलाएर युनिट्राभ बन्यो । यही विधी अनुरुप निर्माण क्षेत्रका ४ संघहरुलाई मिसाएर क्युपेक-नेपाल र अटोमोवाइल क्षेत्रमा नेपाल अटो-मेकानिक्स ट्रेड यूनियन विकसित गरियो ।

चौथो राष्ट्रिय महाधिवेशनले संघ निर्माण तथा परिचालन सम्बन्धि संगठनात्मक नीति मूलत सहि नै रहेको ठहर ग¥यो । तत्कालिन समयमा महासंघका संरचनामा देखिएको समस्यालाई हल गर्न मात्र संरचनागत परिवर्तन ग¥यो । हालै सम्पन्न पाँचौं राष्ट्रिय महाधिवेशनले सदस्य संघ तथा महासंघ दुवैको संरचनाहरु परिवर्तित राजनीतिक परिवेश अनुरुप रहे/नरहेको मूल्याङ्कन ग¥यो । महाधिवेशनले “हालको प्रतिष्ठान आधारित यूनियनको मोडलले यूनियन आन्दोलनलाई पूर्णतः ‘स्थानीय’ बनाएको; केन्द्रीय संघहरु ‘नेता नभएर सहजकर्ता’को तहमा झारेको र यसबाट यूनियन आन्दोलन एकीकृत हुनुको साटो झन छरिन पुगेको”निस्कर्ष निकाल्यो ।

यो समस्यालाई कसरी सम्वोधन गर्ने त? यसको लागि नेपाल ट्रेड यूनियन महासंघले महाधिवेशन भन्दा १ वर्षदेखि आफ्ना सदस्य संघहरुको ‘संघीय परिषद’ निर्माण गरी परिचालन गरेको अनुभवलाई आधार बनायो । अनुभवले बतायो-“विद्यमान ‘प्रतिस्ठान आधारित यूनियन’श्रमिक पक्षीय यूनियन आन्दोलन निर्माणमा उपयुक्त रहेन, यसको ठाउँमा नेपालमा पनि अन्य मुलुकमा जस्तै ‘औद्योगिक यूनियन आन्दोलन’को प्रकृया शुरु गर्नु पर्छ ।”

नेपालको सन्दर्भमा औद्योगिक ट्रेड यूनियन आन्दोलनको निर्माणको विषयलाई यसरी व्याख्या गरियो:

- व्यक्तिगत सदस्यताको आधारमा विषयगत उद्योगका आधारित केन्द्रीय ट्रेड यूनियन संघनिर्माण गर्ने;
- हालको जस्तो प्रतिष्ठान/प्रतिष्ठानमा यूनियन दर्ता नगरि मान्यता प्राप्त ट्रेड यूनियन संघको शाखालाई नै कार्यथलोमा मान्यता दिने;
- विकसित देशहरुमा “सप स्टीवार्ड”को व्यवस्था गरे जस्तै कार्यथलोमा महासंघको प्रतिनिधि चुन्ने समेत व्यवस्था गर्ने;
- “सामुहिक सौदावाजी”को अधिकार प्रतिष्ठानकोआधिकारिक यूनियनमा रहेको प्रचलित विधिको सट्टा केन्द्रीय संघ र महासंघका प्रतिनिधिलाई प्रत्यक्ष रुपमा संलग्न गराउने ।

औद्योगिक यूनियन आन्दोलनको अवधारणलाई हाम्रो श्रम बजार र कार्यक्षेत्रमा लागू भएमा उद्यमी-व्यवसायिका ‘वस्तुगत संघ’हरुसंग आधारभूत विषयमा ‘सामुहिक सौदावाजी र सम्झौता’राष्ट्रिय स्तरमा नै हुन्छ । र, त्यस्तो सम्झौता हरेक प्रतिष्ठानमा अनिवार्य लागू हुन्छ । यो संगै कानून तथा गरिएका सम्झौताको प्रभावकारी ढंगले कार्यान्वयनमा सरकारलाई दवाव बढ्छ । हामीले माग गर्दै आएको कानून प्रभावकारी ढंगले लागू भए/नभएको अनुगमन गर्ने “श्रम नीरिक्षण प्रणाली” पनि लागू गर्न मद्दत पुग्छ ।

जिफन्टमा अहिले २७बन्दा बढी घटकहरु छन् । कामको विस्तारसंगै अझै अरु घटकहरु पनि बढ्दै जाने निश्चित छ । यी घटकहरु बीच आपसी समन्वय गर्ने र महासंघको स्थानीय संगठनसंग नजोड्दा विषय कै आधारमा यूनियन निर्माण गरेपनि प्रभावकारि नहुन सक्छ । यही समस्यालाई हल गर्न महाधिवेशनले 'उस्तै-उस्तै प्रकृतीको कार्यक्षेत्रमा फरक-फरक प्रकृतीका व्यवसाय आधारित केन्द्रीय संघहरुको आपसी समन्वय गर्ने संरचना-**केन्द्रीय यूनियन परिषद** स्थापना गर्ने निर्णय गरिएको हो ।

नेपाल स्वतन्त्र प्रेस मजदुर यूनियन- **शिक्षा,संचार तथा सेवा क्षेत्र यूनियन परिषद** भित्रको अङ्ग बन्न पुगेको छ । केन्द्रीय संघको हिसावमा नेस्वप्रेमयू, स्वतन्त्र संघको रुपमा क्रयाशील रहन्छ । हालको व्यवस्थामा 'छाप्ने प्रेस मजदुर, पढाउने शिक्षकहरु, लेखापढीमा संलग्न कर सहयोगी र त्यसलाई ओसारपसार गर्ने कुरियर कार्गोका श्रमिकहरु'लाई "मिल्दो-जुल्दो" प्रकृतिका साथिहरुको टिमको रुपमा एकै ठाउमा राखिएको छ । भविष्यमा नेस्वप्रमयूले 'रेडियो-टिभी-छापा' लगायतका आम संचारका क्षेत्रमा क्रियाशील श्रमिकहरुलाई पनि समेटोस भन्ने आसय यसमा समाहित छ ।

अहिले महासंघमा यस्ता ९ वटा यूनियन परिषदहरु छन्, जसलाई १/१ जना राष्ट्रिय कमिटीका सदस्यहरुले संयोजन गरिरहनु भएको छ । यो टिमलाई १ जना उपाध्यक्षले संयोजन गर्नु भएको छ । यसको मातहतमा प्रतिष्ठानका अध्यक्षहरुद्वारा निर्वाचित जिल्ला यूनियन परिषद र घटकका प्रतिष्ठान स्तरीय अध्यक्षहरु सम्मिलित स्थानीय यूनियन परिषद निर्माण गर्ने व्यवस्था गरिएको छ ।

यी सबै संरचना निर्माणको अर्थ हो, हाल क्रियाशील संघहरुलाई अझै बलियो पार्नु ! संघहरुलाई बलियो पार्नु भनेको, शक्ति बढाउनु, चेतना थप्नु र परिणम प्राप्त गर्नु हो । शक्ति बढाउनु भनेको-सदस्यता विस्तार गर्नु हो; चेतना थप्नु भनेको-उनीहरुलाई शिक्षण/प्रशिक्षणद्वारा सचेत पार्नु हो र परिणाम प्राप्त गर्नुको अर्थ हो- सचेत शक्तिलाई परिचालित गर्नु । हालको केन्द्रीय परिषदको व्यवस्थाले यसमा निश्चित रुपमा वल पुऱ्याउने छ ।

- विष्णु रिमाल